नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(..........................................)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६११०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७५।७६
च.नं. २२८

मिति: २०७५/०४/२१

विषयः- भवनको झ्याल जडान सम्बन्धी आवश्यक सामग्रीको आपूर्ति र फिटिंग सम्बन्धमा ।

श्री युनाईटेड बिल्डर्स/डाँफे/सुनौला खिम्ती जे.भि.
सानो गौचरण, काठमाण्डौ ।
फोन न.: ०१-४१११०७७,०१-४१११०८१
मो.न. : ९८४१६७८२८०

त्यस युनाईटेड बिल्डर्स/डाँफे/सुनौला खिम्ती जे.भी. र विद्युत विकास विभाग बीच मिति २०६८/०३/१६ मा भवन निर्माण सम्बन्धि भएको सम्झौताको म्याद अन्तिम पटक मिति २०७५/०४/१० को निर्णयानुसार असोज मसान्त, २०७५ सम्म थपिएको व्यहोरा विदितै छ ।

भवन निर्माणको कार्य अन्तिम चरणमा रहेको छ र सबैजनाको प्रयासबाट चाँडै भन्दा चाँडै निर्माण सम्पन्न गरी विभाग भाडाको भवनबाट आफ्नो भवनमा सर्नुपर्ने भएको छ । यसै सिलसिलामा विभागको केहि शाखा आंशिक रुपमा सारिएको विदितै छ ।

हाल निर्माणको प्रगति अत्यन्त सुस्त गतिमा भएको र सामानको अभाव तथा कामदारको कमीले निर्माण कार्य अति नै प्रभावित भएको छ । यस सम्वन्धमा निर्माण कार्य चाँडै सम्पन्न गर्न र आएका समस्याहरु समाधान गर्न प्रत्येक दोश्रो दिनमा विभागका उच्च पदस्थ कर्मचारी र निर्माण व्यवसायीका प्रवन्ध निर्देशक, साईटइन्चार्ज, स्टोरकिपर, एकाउन्टेन्ट लगायत निर्माण कार्यसंग सम्बन्धित अन्य व्यक्तिहरुवीच निर्माण सम्बन्धी प्रत्येक कार्य (Item) मा बिस्तृत छलफल हुने गरेको र सोहि अनुसार सामानहरु मगाई कार्य गर्न सहमति हुने गरेको छ ।

विगतका केही दिनदेखि निर्माण कार्य सम्पन्न गर्न छलफलमा भएको कार्यहरु नभएको/नगरेको र पर्याप्त मात्रामा सामान नआएकोले निर्माण सामग्रीको अभाव सृजना भएको तथा प्रत्येक कार्यको लागि पर्याप्त मात्रामा कामदार नभएकोले निर्माण कार्य सुस्त गतिमा भईरहेको विभागको ठहर रहेको छ ।

अतः निर्माण कार्य चाँडै सम्पन्न गरी विभागलाई यथासिघ्र पूर्णरुपमा भाडाको घरबाट आफ्नो भवन सर्न सहयोग गरीदिनुहुन अनुरोध गरिन्छ । यसै सन्दर्भमा निर्माणकार्य तदारुकताका साथ गर्ने व्यवस्था मिलाउन हुन अनुरोध छ ।

क्रमशः

नेपाल सरकार
उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय
**विद्युत विकास विभाग**
(..........................................................)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६१९०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :-

मितिः ...............................

विषयः-

यसै सन्दर्भमा, निर्माणकार्य सम्पन्न गर्न ढिलाई भईरहेको मुख्य कारणहरु मध्यको एक कारण झ्यालको जडान रहेको छ । भवनमा जम्मा २५७ वटा झ्याल रहेकोमा आजको मितिसम्म ४७ वटा झ्यालमात्र फिट भएको, ६० वटा तयारी भई फिट हुने क्रममा रहेको र बाँकी १५० वटा झ्याल बनाई फिट गर्नुपर्ने भएकोले झ्याललाई चाहिने निम्न सामान मगाई यथासिघ्र झ्याल बनाई फिट गर्न लगाउन हुन अनुरोध छ ।

झ्याललाई चाहिने आवश्यक सामानहरुः

१. १३ नम्वरको सेक्शन (१५५ वटा चाहिनेमा ९५ वटा भएको र ६० वटा मगाउनु पर्ने)
२. १६ इन्चको stainless steel hinge (४२० वटा चाहिने २० वटा मात्र भएको बाँकी मगाउनु पर्ने)
३. सिसा (१५० वटा झ्यालहरुलाई प्रर्याप्त हुने गरी मगाउनु पर्ने)
४. सिलिकन
५. हैंडल (२५७ वटा झ्यालहरुलाई प्रर्याप्त हुने गरी मगाउनु पर्ने)
६. लॅक (२५७ वटा झ्यालहरुलाई प्रर्याप्त हुने गरी मगाउनु पर्ने)

..................
(आशिष श्रेष्ठ)
इन्जिनियर

बोधार्थ :

१. श्री यूनाईटेड बिल्डर्स एंड इंजिनियरिंग प्रा.लि., ४७७०२४५,४६२००४८
२. श्री डांफे कंस्ट्रक्शन क. प्रा.लि., ०१-४६२००४८,४६२००७४, Fax: ०१-४६२०४३६
३. श्री सुनौला खिम्ती कंस्ट्रक्शन प्रा.लि., ०१-४४७०५३१, ४४८४०८०
४. साईट इन्चार्ज (निर्माण व्यवसायी) श्री राजदेव यादव- सामान यथासिघ्र मगाई झ्यालको कार्य चाडै सम्पन्न गराउन हुन ।
५. एकाउन्टेन्ट (निर्माण व्यवसायी) श्री अभिनाष गौचन - सामान यथाशिघ्र मगाउन हुन ।
६. सुपरवाईजर (निर्माण व्यवसायी) श्री शंकर घिमिरे - सामान यथाशिघ्र मगाउन र जडान चाडै सम्पन्न गर्न हुन ।
७. श्री श्याम खत्री (झ्यालको कार्यसम्बन्धी जिम्मेवार व्यक्ति) - झ्यालको जडान चाडै सम्पन्न गर्नहुन ।
८. सब इन्जिनियर (वि.वि.वि.) श्री केशव बस्नेत - कार्यको अनुगमन गरी दैनिक reporting गर्नहुन ।
९. सब इन्जिनियर (वि.वि.वि.) श्री राजकुमार फुयाल- कार्यको अनुगमन गरी दैनिक reporting गर्नहुन ।